आज मिति २०८० असोज ~~भाद्र~~ ३० गते मंगलबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

प्रस्ताव नं.१:- भुसे ईट्टा उद्योग सम्बन्धी मुद्दाको अख्तियारी सम्बन्धमा।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा रिट निवेदक जिल्ला कैलाली बर्दगोरिया गाउँपालिका वडा नं. ३ मा रजिष्ट्रर्ड कार्यालय रहेको जय गणेश ईट्टा उद्योग प्रा.लि. का प्रो. धनगढी उपमहानगरपालिका वडा नं. १ बस्ने मनोज कुमार महतोले सम्मानित उच्च अदालत दिपायलमा रिट नं. ०८०-Wo-०००८ को परमादेशको मुद्दा दायर गरी उक्त मुद्दामा जानकी गाउँपालिकाको कार्यालय, कैलाली समेत विपक्षी बनाएको हुँदा जानकी गाउँपालिका दुर्गौली, कैलालीको तर्फबाट सम्मानित उच्च अदालत दिपायलमा लिखित जवाफ पेश गर्न, तारिखमा रुजु हाजिर रहन, कानून व्यवसायी नियुक्त गर्ने लगायत मुद्दाका सम्बन्धमा सम्पूर्ण कार्य गर्नको लागि जानकी गाउँपालिकाको कार्यालयमा कार्यरत सहायक पाँचौ श्री खेम बहादुर कठरियालाई अख्तियारी दिने निर्णय गरियो।

प्रस्ताव नं. २ :- मुक्त कमैया बाल संरक्षण आ.वि. नयाँ लायकपुरका बाल शिक्षक तथा विद्यालय कर्मचारी सम्बन्धमा।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा जानकी गाउँपालिका वडा नं. ३ लायकपुर स्थित मुक्त कमैया बाल संरक्षण आधारभूत विद्यालयको बाल शिक्षक तथा विद्यालय कर्मचारी लगायत समग्र विद्यालय व्यवस्थापन सम्बन्धी विद्यमान समस्या समाधानका लागि मिति २०८०/०७/२१ गतेभित्र सुझाव सहितको प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजिमको अध्ययन जाँचबुझ कार्यदल गठन गरियो।

तपसिल :-

| क्र.सं. | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| १. | संयोजक | कमल महतो | सा.वि.समिति संयोजक |
| २. | सदस्य | सुरेश चौधरी | ३ नं. वडा अध्यक्ष |
| ३. | सदस्य | इन्द्रा सोप वि.क. | कार्यपालिका सदस्य |
| ४. | सदस्य | सन्तराम कठरिया | क.अ. (प्रशासन शाखा) |
| ५. | सदस्य सचिव | धर्मानिन्द कपाडी | शिक्षा अधिकृत |

प्रस्ताव नं. ३ :- माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको माध्यमिक तह कक्षा (९-१०) अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान शिर्षकमा तपसिल बमोजिमको अनुदान रकम नपुग हुने भएकोले सो रकम शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरलाई सहयोग मागको लागि अनुरोध गर्ने निर्णय गरियो।

तपसिल:-

| क्र.स. | अख्तियारी प्राप्त रकम रु. | आवश्यक रकम रु. | नपुग रकम रु. | कार्यरत शिक्षक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | २८,४०,०००/- | ३९,७५,६९१/- | ११,३५,६९१/- | ७ | |

प्रमाणित
२०.०७.२०

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०७।२०
गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. ४ :- माध्यमिक तह तृतीय श्रेणी शिक्षक कलम बहादुर खड्काको काज फिर्ता सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा जानकी गाउँपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा काजमा कार्यरत माध्यमिक तह तृतीय श्रेणी गणित विषयको शिक्षक कलम बहादुर खड्कालाई कार्यपालिकाको मिति २०७७/०९/०१ गतेको दरवन्दी मिलान सम्वन्धी निर्णयानुसार निजको दरवन्दी कायम भएको विद्यालय श्री राष्ट्रिय माध्यमिक विद्यालय जानकी-५, अमौरामा मिति २०८०।०६।३० देखि लागू हुनेगरी तपसिल बमोजिम काज फिर्ता गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | नाम, थर | पद | काजमा कार्यरत कार्यालयको नाम, ठेगाना | काज फिर्ता गरिएको विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | कलम बहादुर खड्का | माध्यमिक तह तृतीय श्रेणी (गणित) | जानकी गाउँपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा | राष्ट्रिय माध्यमिक विद्यालय जानकी-५, अमौरा |

प्रस्ताव नं. ५:- वालविकास शिक्षक हिरा कुमारी कुश्मीलाई कामकाजमा खटाउने सम्बन्धमा ।

निर्णय नं. ५:- प्रस्ताव नं. ५ माथि छलफल जानकी गाउँपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखामा काजमा कार्यरत वालविकास शिक्षक हिरा कुमारी कुश्मीलाई विद्यालयको आवश्यकताको आधारमा मिति २०८०।०६।३० देखि लागू हुनेगरी तपसिल बमोजिम कामकाजमा खटाउने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | नाम, थर | पद | काजमा कार्यरत कार्यालयको नाम, ठेगाना | कामकाजमा खटाईएको विद्यालयको नाम, ठेगाना |
|---|---|---|---|---|
| १. | हिरा कुमारी कुश्मी | प्रारम्भिक बाल विकास शिक्षक | जानकी गाउँपालिकाको कार्यालय शिक्षा युवा तथा खेलकुद शाखा | जनता आधारभूत विद्यालय जानकी-९, अमरावती |

प्रस्ताव नं. ६ :- विद्यालय संचालन सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको पठनपाठन कार्यलाई मध्यनजर गरी दशैँ र तिहार बीचको अवधिमा विद्यालय संचालन गर्ने र विद्यालयको बचत बिदा दिनलाई आवश्यकता अनुसार हिउँद मौसममा मिलान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/सङ्कलन परिमाणको अध्यावधिक प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा जानकी गाउँपालिका क्षेत्र भएर बग्ने कर्णाली नदीको बगरक्षेत्रबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन परिमाणको लागि अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

आशिष चौधरी
प्रशासकीय अधिकृत

२०८०।०६।३०
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ८ :- ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन र बिक्री सम्बन्धी ठेक्का बन्दोबस्त सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथी छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ का लागि यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (६), सोही ऐन को दफा ६२ (क) १, जानकी गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, जानकी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १२ र सो सँग सम्बन्धित अनुसूची ११ र जानकी गाउँपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्यावधिक प्रतिवेदनमा सिफारिस भए अनुसार यस गाउँपालिका क्षेत्र भित्रबाट बग्ने कर्णाली नदीको तपसिलमा उल्लेखित क्षेत्रहरुबाट ८०,८८० घनमिटर मात्र उत्खन्न/संकलन र बिक्रीका लागि सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-६ बमोजिम तराई जिल्लाका लागि मूल्य अभिबृद्धि कर बाहेक प्रति घनफिट रु.६।- (अक्षेरुपी छ मात्र ।) अर्थात प्रति घनमीटर रु. २१२।- (अक्षेरुपी दुई सय बाह्र मात्र ।) का दरले कर दस्तुर रकम संकलन गर्ने कार्यका लागि ठेक्का बन्दोबस्त गर्न ३० (तीस) दिने विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

तपसिल :-

कर्णाली नदीको बगर क्षेत्रहरुबाट ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/सङ्कलन क्षेत्रहरु :-

१. रानीकुलाको बाँध (Intake)- कैलाशेश्वर सामुदायिक वनको सिमानाको घाट , वडा नं. ६
२. कैलाशेश्वर सामुदायिक वन नजिकको घाट देखि जगतपुर वनघुस्रा, वडा नं. ६
३. शिवशक्ति सामुदायिक वन देखि पूर्व तिरको घाट, वडा नं. ९
४. मुनुवाँ ठाँडा ( कालिका सामुदायिक वनको पूर्वतिर ), वडा नं. ९
५. बलचौर घाट, वडा नं. ९
६. गोराङ्गे घाट, वडा नं. ९

प्रस्ताव नं. ९ :- कवाडी कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त सम्बन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथी छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ का लागि यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) घ को (४), सोही ऐन को दफा ६१, जानकी गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १४ र सो सँग सम्बन्धित अनुसूची १३ अनुसार यस गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति, फार्म वा संस्थाले कवाडी मालसामान जस्ता वस्तुको संकलन र बिक्रीका लागि मूल्य अभिबृद्धि कर बाहेक रु. ५,००,०००।- ( अक्षेरुपी पाँचा लाख रुपैया मात्र ।) कर संकलन कार्यका लागि ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० :- सामाजिक सुरक्षा खाता नविकरण नभएको लाभग्राहीहरुको रकम फिर्ता गर्ने सम्बन्धमा ।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका तर आ.व. २०७७/०७८ देखि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न नआएका लाभग्राहीहरुको बैङ्क खातामा रहेको रकम सङ्घीय सरकारलाई फिर्ता पठाउने निर्णय गरियो ।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०६।३०
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्ताव नं. ११ :- जानकी गाउँपालिकाको स्थानीय अनुगमन समिति सम्बन्धमा।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्/संकलन र बिक्री सम्बन्धी कार्यमा सहजीकरण गर्न र अनुगमन कार्यलाई प्रभावकारी बनाउन तपसिल बमोजिमको जानकी गाउँपालिकाको स्थानीय अनुगमन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :-

१. संयोजक – अध्यक्ष, जानकी गाउँपालिका, कैलाली
२. सह-संयोजक – उपाध्यक्ष, जानकी गाउँपालिका, कैलाली
३. सदस्य – प्रमुख प्रशासकीय अधिकृत, जानकी गाउँपालिका, कैलाली
४. सदस्य – सशस्त्र प्रहरी बल, टीकापुर प्रमुख वा प्रतिनिधि
५. सदस्य – इलाका प्रशासन कार्यालयको प्रमुख वा प्रतिनिधि
६. सदस्य – इलाका प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि
७. सदस्य – डिभिजन बन कार्यालयको प्रमुख वा प्रतिनिधि
८. सदस्य - पूर्वाधार विकास समिति संयोजक
९. सदस्य - सम्बन्धित वडाको वडा अध्यक्ष
१०. सदस्य - श्री इन्द्रा सोप वि.क., कार्यपालिका सदस्य
११. सदस्य सचिव – राजश्व शाखा प्रमुख

प्रस्ताव नं. १२ :- ईन्धन तथा सामाग्री सम्बन्धमा।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा बाह्य निकायलाई ईन्धन तथा सामाग्री उपलब्ध गराउने सम्बन्धमा सम्बन्धित निकायको ईन्धन तथा सहयोग सामाग्री सोही निकायको आधिकारिक पत्र मार्फत माग भई आएमा कार्यपालिका बैठकबाट निर्णय गरी वा समर्थन हुने गरी आवश्यकता र औचित्य पुष्टि हुने गरी मात्र ईन्धन तथा सहयोग सामाग्री उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. १३ :- सामुदायिक छाडा चौपाया व्यवस्थापन सम्बन्धमा।

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका सामुदायिक छाडा पशु चौपायाहरुको तथ्याङ्क संकलन गरी गौशाला निर्माण गर्न सामुदायिक विद्यालय र सामुदायिक वन उपभोक्ता समितिहरुसँग समन्वय गरी जग्गा व्यवस्थापन गर्ने निर्णय गरियो।

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०४।३०
गणेश चौधरी
अध्यक्ष

गौरीगंगा? [stamp: ...गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दुर्गौली, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल]

प्रस्ताव नं. १४ :- जनप्रतिनिधिहरुको दुर्घटना बिमा सम्बन्धमा ।

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा सुदूरपश्चिम सरकार, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१(क) बमोजिम पाउने सुविधाहरुमा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले रु. १०,००,०००।– (अक्षेरुपी दश लाख मात्र ।) बराबरको दुर्घटना बिमाको सुविधा पाउने व्यवस्था अनुसार यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका जनप्रतिनिधिहरुको हिमालयन लाईफ इन्स्योरेन्स लिमिटेडमा बार्षिक नबिकरण सामूहिक म्यादी जीवन बीमा गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | नाम, थर | लिंग | पद | बीमाङ्क रकम |
|---|---|---|---|---|
| १ | गणेश चौधरी | पुरुष | अध्यक्ष | १०,००,०००।- |
| २ | लालमती देवी कठरीया | महिला | उपाध्यक्ष | १०,००,०००।- |
| ३ | सुरेश कुमार चौधरी | पुरुष | १ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| ४ | राजाराम चौधरी | पुरुष | १ नं. वडा सदस्य | १०,००,०००।- |
| ५ | लक्ष्मी चौधरी | महिला | १ नं. वडा सदस्य | १०,००,०००।- |
| ६ | अनिता चौधरी | महिला | १ नं. वडा सदस्य | १०,००,०००।- |
| ७ | राधा दमाई | महिला | १ नं. वडा सदस्य | १०,००,०००।- |
| ८ | चक्र बहादुर बिष्ट | पुरुष | २ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| ९ | चित्रा कुमारी कठरिया | महिला | २ नं. वडा सदस्य | १०,००,०००।- |
| १० | शान्ती देवि कामी | महिला | २ नं. वडा सदस्य | १०,००,०००।- |
| ११ | मदन प्रसाद चौलागाई | पुरुष | २ नं. वडा सदस्य | १०,००,०००।- |
| १२ | योगेन्द्र बम | पुरुष | २ नं. वडा सदस्य | १०,००,०००।- |
| १३ | सुरेश चौधरी | पुरुष | ३ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| १४ | पुष्पा चौधरी | महिला | ३ नं. वडा सदस्य | १०,००,०००।- |
| १५ | इन्द्रा सोप वि. क. | पुरुष | ३ नं. वडा सदस्य | १०,००,०००।- |
| १६ | राज कुमार ड. थारु | पुरुष | ३ नं. वडा सदस्य | १०,००,०००।- |
| १७ | हरिलाल चौधरी | पुरुष | ३ नं. वडा सदस्य | १०,००,०००।- |
| १८ | दिपेन्द्र कुमार कठरिया | पुरुष | ४ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| १९ | सुशिला कठरिया | महिला | ४ नं. वडा सदस्य | १०,००,०००।- |
| २० | निर्मला दमाई | महिला | ४ नं. वडा सदस्य | १०,००,०००।- |
| २१ | मोहन कुमार डगौरा | पुरुष | ४ नं. वडा सदस्य | १०,००,०००।- |
| २२ | भिम बहादुर चौधरी | पुरुष | ५ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| २३ | पार्वती देवी डगौरा थारु | महिला | ५ नं. वडा सदस्य | १०,००,०००।- |
| २४ | निर्मला भुल | महिला | ५ नं. वडा सदस्य | १०,००,०००।- |
| २५ | केशन्ति देवि चौधरी | महिला | ५ नं. वडा सदस्य | १०,००,०००।- |
| २६ | जहन्जिरुवा डगौरा थारु | पुरुष | ५ नं. वडा सदस्य | १०,००,०००।- |
| २७ | इन्द्र चौधरी | पुरुष | ६ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| २८ | खगेन्द्र बहादुर बिश्वकर्मा | पुरुष | ६ नं. वडा सदस्य | १०,००,०००।- |
| २९ | पंन्क्षीराम थारु | पुरुष | ६ नं. वडा सदस्य | १०,००,०००।- |
| ३० | दुर्गा देवि भुल | महिला | ६ नं. वडा सदस्य | १०,००,०००।- |

अशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०५।३०
गणेश चौधरी
अध्यक्ष

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| क्र.सं. | नाम, थर | लिंग | पद | बीमाङ्क रकम |
|---|---|---|---|---|
| ३१ | रेनुका चौधरी | महिला | ६ नं. वडा सदस्य | १०,००,०००।- |
| ३२ | कमल महतो | पुरुष | ७ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| ३३ | पवित्रा विश्वकर्मा | महिला | ७ नं. वडा सदस्य | १०,००,०००।- |
| ३४ | कृष्णा कुमारी चौधरी | महिला | ७ नं. वडा सदस्य | १०,००,०००।- |
| ३५ | वलिराम चौधरी | पुरुष | ७ नं. वडा सदस्य | १०,००,०००।- |
| ३६ | धनिराम थारु | पुरुष | ७ नं. वडा सदस्य | १०,००,०००।- |
| ३७ | तिर्थराज उपाध्याय | पुरुष | ८ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| ३८ | कलौटी देवी चौधरी | महिला | ८ नं. वडा सदस्य | १०,००,०००।- |
| ३९ | बिष्णा देवी सुनार | महिला | ८ नं. वडा सदस्य | १०,००,०००।- |
| ४० | झपट बहादुर प्रेमी | पुरुष | ८ नं. वडा सदस्य | १०,००,०००।- |
| ४१ | मकुलाल ड.थारु | पुरुष | ८ नं. वडा सदस्य | १०,००,०००।- |
| ४२ | खकेन्द्र भण्डारी | पुरुष | ९ नं. वडा अध्यक्ष | १०,००,०००।- |
| ४३ | कल्पना खड्का | महिला | ९ नं. वडा सदस्य | १०,००,०००।- |
| ४४ | निरु विश्वकर्मा सुनार | महिला | ९ नं. वडा सदस्य | १०,००,०००।- |
| ४५ | हर्कराज भाट | पुरुष | ९ नं. वडा सदस्य | १०,००,०००।- |
| ४६ | राधा भुल | महिला | कार्यपालिका सदस्य | १०,००,०००।- |

प्रस्ताव नं. १५ :- संस्था दर्ता तथा नविकरण दस्तुर सम्बन्धमा ।

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा जानकी गाउँपालिका, संघ, संस्था दर्ता ऐन, २०८० को दफा ४ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम यस गाउँपालिकाको कार्यालयमा दर्ता हुने/भएका संघ, संस्थाहरुको दर्ता तथा नविकरण दस्तुर तपसिल बमोजिम तोकियो ।

तपसिल :-

| क्र.सं. | विवरण | दस्तुर | कैफियत |
|---|---|---|---|
| १. | संघ, संस्था दर्ता | रु. १०००।- | |
| २. | संघ, संस्था दर्ता नविकरण (बार्षिक) | रु. ५००।- | |

प्रस्ताव नं. १६ :- बस्तीहरुको तहगत क्षेत्र निर्धारण सम्बन्धमा ।

निर्णय नं. १६ :- प्रस्ताव नं. १६ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग ताहाचल, काठमाडौँको प.सं. २०८०/०८१ च.नं. ७५ मिति २०८०/०५/१० को प्राप्त पत्रानुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराईने जग्गा प्रयोजन र क्षेत्रफल तथा अव्यवस्थित बसोबासीले तिर्नुपर्ने दस्तुर निर्धारण गर्न गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका वस्तीहरुलाई शहरी क्षेत्र, शहरोन्मुख क्षेत्र, ग्रामीण क्षेत्र र गाउँपालिकाको केन्द्र निर्धारण गर्नु पर्ने भए बमोजिम यस गाउँपालिकाको तपसिल बमोजिमको क्षेत्र निर्धारण गरियो ।

तपसिल :-

| क्र.सं. | बस्तीहरुको तहगत क्षेत्र | बस्ती/विस्तार क्षेत्र | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिकाको केन्द्र | दुर्गौली गाउँ | |
| २. | ग्रामीण क्षेत्र | दुर्गौली गाउँ बाहेक वडा नं. १ देखि ९ अन्तर्गतका सबै बस्तीहरु | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०/०६/२०
गणेश चौधरी
अध्यक्ष

प्रस्ताव नं. १७ :- संघ तथा प्रदेश कानून बमोजिम काम कारवाही तथा कार्यसम्पादन गर्ने सम्बन्धमा ।

निर्णय नं. १७ :- प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस गाउँपालिकाको केही ऐन, नियम, कार्यविधि लगायत अन्य कानूनहरु निर्माण नभएसम्मका लागि यस गाउँपालिका कार्यालयको काम कारवाही तथा कार्यसम्पादन संघ तथा प्रदेश कानून बमोजिम गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १८ :- करार सेवाका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको मनोबल उच्च बनाई कामप्रति उत्प्रेरित गर्न निजहरुले खाईपाई आएको मासिक तलबको १०% रकम प्रोत्साहन भत्ता उपलब्ध गराउन गाउँपालिकाको कर्मचारी तथा जनप्रतिनिधिको संयुक्त अध्ययन समिति बनाई प्राप्त प्रतिवेदन बमोजिम सो सम्बन्धी आवश्यक काहबाही अगाडी बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १८ :- दैनिक ज्यालादारीमा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथि छलफल गर्दा जानकी गाउँपालिका वडा नं. ८ को वडा कार्यालयको सेवा प्रवाहलाई छिटो छरिटो, सुलभ र व्यवस्थित बनाउन जानकी गाउँपालिका वडा नं. ८ स्थायी ठेगाना भएका श्री निशा बटाला (थापा) (ना.प्र.नं. :- ६७२०३७/७८२८ जारी मिति:- २०६७।०८।२२ जारी जिल्ला:- कैलाली) र जानकी-८ स्थायी ठेगाना भएका श्री उमेश चौधरी (ना.प्र.नं. :- ६६८०३६/५४८६ जारी मिति:- २०६२।१०।५ जारी जिल्ला:- कैलाली) लाई कानून बमोजिम तपसिल अनुसार दैनिक ज्याला भुक्तानी हुने गरी मिति २०८०/०७/०१ गते देखि लागू हुने गरी २०८१ असार मसान्तसम्म दैनिक ज्यालादारीमा स्वीपर र माली पदमा कामकाज गराउने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | नाम थर | ठेगाना | कायम भएको पद | सेवाको किसिम | दैनिक ज्याला रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | निशा बटाला (थापा) | जानकी-८ (साविक पथरैया-०५) | स्वीपर | ज्यालादारी | ६८०।- | |
| २. | उमेश चौधरी | जानकी-८ | माली | ज्यालादारी | ६८०।- | |

आशिषा चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८०।०६।३०
गणेश चौधरी
अध्यक्ष